**काठमाडौँ युनिभर्सिटी हाई स्कुल**
चौकोट, काभ्रे

**सिलबन्दी दरभाउ आह्वान सम्बन्धी सूचना**
(प्रथम पटक प्रकाशित मितिः २०८३ साल असार २४ गते)

काठमाडौँ युनिभर्सिटी हाई स्कुलका लागि आर्थिक वर्ष २०८३/०८४ मा आवश्यक पर्ने बेकरी तथा कन्फेक्सनरी सामग्री आपूर्तिका लागि इच्छुक, योग्य तथा कानुनबमोजिम दर्ता भएका आपूर्तिकर्ता/फर्म/कम्पनीहरूबाट सिलबन्दी दरभाउ आह्वान गरिन्छ ।

इच्छुक फर्महरूले विस्तृत सूचना, दरभाउ फाराम तथा आवश्यक शर्तहरू विद्यालयको वेबसाइटबाट डाउनलोड गरी तोकिएको मिति र समयभित्र सिलबन्दी रूपमा पेश गर्नुपर्नेछ।

**वेबसाइटः** www.kuhs.edu.np

**थप जानकारीका लागिः**
Office of School Manager, KUHS

**काठमाडौं युनिभर्सिटी हाई स्कुल**
चौकोट, काभ्रे

**सिलबन्दी दरभाउ आह्वान सम्बन्धी विस्तृत सूचना**
प्रथम पटक प्रकाशित मितिः २०८३ साल असार २४ गते

काठमाडौं युनिभर्सिटी हाई स्कुलका लागि आर्थिक वर्ष २०८३/०८४ मा आवश्यक पर्ने **बेकरी तथा कन्फेक्सनरी सामग्रीहरूको** नियमित आपूर्तिका लागि इच्छुक, योग्य तथा प्रचलित कानुनबमोजिम दर्ता भएका फर्म/कम्पनीहरूबाट **सिलबन्दी दरभाउ (Sealed Quotation)** आह्वान गरिन्छ ।

- **दरभाउ कागजात प्राप्त गर्ने प्रक्रिया**

दरभाउ कागजात (Notice, Specifications तथा Quotation Form) विद्यालयको कार्यालयबाट वा विद्यालयको आधिकारिक वेबसाइटबाट डाउनलोड गर्न सकिनेछ ।

दरभाउ पेश गर्दा सिलबन्दी खामबाहिर **रु. १,५००/- (अक्षरेपी एक हजार पाँच सय रुपैयाँ मात्र**) को **फिर्ता नहुने भुक्तानी रसिद** (**Voucher/Receipt**) अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ । भुक्तानी रसिद नभएको दरभाउ स्वीकार गरिने छैन।

दरभाउ कागजात विद्यालयको कार्यालयबाट वा विद्यालयको आधिकारिक वेबसाइटबाट डाउनलोड गर्न सकिनेछ ।

भुक्तानीका लागि बैंक विवरण देहाय बमोजिम हुनेछ:-

**खाताको नाम : KU High School**
**बैंकको नाम : Nepal Investment Mega Bank Limited (NIMB)**
**खाता नम्बर : 00505030250122**
**शाखा : Banepa**

We Accept fonepay
KU HIGH SCHOOL
Terminal : 2222440011739246
Bank Branch : BANEPA

- **दरभाउ कागजात शुल्क तथा प्रमाण**

दरभाउ कागजात शुल्क बापत गरिएको भुक्तानीको **मूल रसिद (Voucher/Receipt)** दरभाउ पेश गर्दा **सिलबन्दी खामबाहिर** अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ ।

- **योग्यताको आधार तथा आवश्यक कागजातहरू**
  - फर्म/कम्पनी दर्ता प्रमाणपत्र
  - VAT दर्ता प्रमाणपत्र
  - आ.व. २०८१/८२ सम्मको कर चुक्ता प्रमाणपत्र वा मान्य कर विवरण
  - अधिकृत प्रतिनिधिको हस्ताक्षर अधिकार प्रमाण (आवश्यक परे)
  - पूर्ण रूपमा भरेको दरभाउ फाराम (हस्ताक्षर र छापसहित)
  - भुक्तानी रसिद (Voucher/Receipt)
- **दरभाउ पेश गर्ने तरिका**
  - प्रत्येक वस्तुको एकाइ दर (Unit Price) **अंक तथा अक्षर दुवैमा स्पष्ट** उल्लेख गर्नुपर्नेछ ।
  - दरमा लागू हुने **सम्पूर्ण कर, ढुवानी, प्याकिङ, लोडिङ/अनलोडिङ तथा अन्य खर्च समावेश हुनुपर्नेछ ।**
  - दरभाउ सिलबन्दी खाममा पेश गर्नुपर्नेछ ।
  - खामको बाहिर स्पष्ट रूपमा लेख्नुपर्नेछ : "**Quotation for Bakery and Confectionary Related Items for KUHS (२०८३/०८४)**"
- **दरभाउ बुझाउने अन्तिम मिति**

दरभाउ २०८३ साल श्रावण ६ गते **दिउँसो २:०० बजेसम्म** Office of School Manager, चौकोट, काभ्रेमा बुझाइसक्नुपर्नेछ ।

- **दरभाउ खोल्ने**

दरभाउ खोल्ने मिति, समय तथा स्थान सम्बन्धित दरभाउदाताहरूलाई पछि सूचना दिइनेछ ।

- **आपूर्ति सम्बन्धी प्रमुख शर्तहरू**

  - आपूर्ति गरिने सम्पूर्ण सामग्री ताजा, स्वच्छ, गुणस्तरीय तथा नेपाल सरकारद्वारा तोकिएको मापदण्डअनुसार हुनुपर्नेछ ।
  - **आपूर्तिकर्ताले पेश गरेको दररेट सम्झौता अवधिभर कायम रहनेछ र खरिदकर्ताको पूर्वलिखित स्वीकृति बिना कुनै पनि मूल्य वृद्धि गर्न पाइने छैन ।**

- प्याकेजिङमा उत्पादन मिति, उपभोग्य अवधि (Expiry Date) तथा ब्याच नम्बर स्पष्ट उल्लेख भएको हुनुपर्नेछ ।
- म्याद सकिएको, बिग्रिएको वा कमसल सामान आपूर्ति गरिने छैन । त्यस्ता सामान फेला परेमा खरिदकर्ताले अस्वीकार गर्न सक्नेछ र आपूर्तिकर्ताले आफ्नै लागतमा तुरुन्त प्रतिस्थापन गर्नुपर्नेछ । **साथै, आपूर्तिकर्ताले अस्वीकृत सामानको मूल्यको १०% जरिवाना तथा खरिदकर्तालाई भएको वास्तविक नोक्सानी समेत व्यहोर्नुपर्नेछ ।**
- आपूर्ति नियमित र तोकिएको समयमा गर्नुपर्नेछ । आंशिक आपूर्ति स्वीकार गरिने छैन ।
- **पहिलो महिनाको रकम धरौतीस्वरुप राखिने ।**
- सम्झौता भङ्ग गर्न चाहेमा कुनै पनि पक्षले कम्तीमा १ महिनाको पूर्वलिखित सूचना अर्को पक्षलाई दिनुपर्नेछ ।
- सम्झौताको अवधि आर्थिक वर्ष २०८३/०८४ को अन्त्यसम्म कायम रहनेछ ।

- **संस्थाको अधिकार**

  विद्यालयलाई कुनै वा सबै दरभाउ स्वीकार वा अस्वीकार गर्ने, आंशिक रूपमा स्वीकार गर्ने, वा सम्पूर्ण प्रक्रिया रद्द गर्ने पूर्ण अधिकार सुरक्षित रहनेछ ।

- **सम्पर्क विवरण**

Office of School Manager,
KUHS
चौकोट, काभ्रे

अनुसूची - १

परिमाणको बिल (BOQ) / मूल्य तालिका

**खरीद शीर्षक** : बेकरी र कन्फेक्शनरी वस्तुहरूको वार्षिक आपूर्ति (Annual Supply of Bakery and Confectionery Items)

**सम्झौता अवधि** : आर्थिक वर्ष २०८३/८४

**फर्मको नाम र ठेगाना** :

**प्यान/भ्याट नम्बर** :

**इमेल ठेगाना** :

**PRICE SCHEDULE (UNIT RATE ONLY INCLUDING VAT)**

| **S.N.** | **Description** | **Unit** | **Unit Rate in digits (inclusive of VAT)** | **Unit Rate in Words (inclusive of VAT)** | **Remarks** |
|---|---|---|---|---|---|
| 1 | Large Bread | Pound | | | 1 packet (1 lb / 454 g) |
| 2 | Small Bread | Pound | | | ½ lb / 227 g |
| 3 | Small Bun | Packet | | | 50 g per piece |
| 4 | Large Bun | Packet | | | 80–100 g per piece |
| 5 | Suji Bun | Packet | | | 50 g per piece |
| 6 | Plain Bun | Packet | | | 50 g per piece |
| 7 | Butter Bun | Packet | | | 60 g per piece |
| 8 | Cookies | Packet | | | 8 pieces per packet (≤20 g per piece) |
| 9 | Donut | Packet | | | 60 g per piece |
| 10 | Cream Roll | Piece | | | 70–80 g per piece |
| 11 | Pastry | Piece | | | 90–120 g per piece |
| 12 | Bread Slices | Packet | | | 30 g per slice |

| S.N. | Description | Unit | Unit Rate in digits (inclusive of VAT) | Unit Rate in Words (inclusive of VAT) | Remarks |
|---|---|---|---|---|---|
| 13 | Fruit Cake | Piece | | | 500 g per piece |
| 14 | Swiss Roll | Piece | | | 350–500 g per piece |
| 15 | Small Puff | Packet | | | 5 g per piece |
| 16 | Large Puff | Packet | | | 10 g per piece |

**आपूर्ति सम्बन्धी प्रमुख शर्तहरू**

- तोकिएका दिनहरूका लागि तोकिएको परिमाणमा बेकरी सामग्री तथा खाद्य वस्तुहरू उपलब्ध गराउनुपर्नेछ ।
- **आपूर्तिकर्ताले पेश गरेको दररेट सम्झौता अवधिभर कायम रहनेछ र खरिदकर्ताको पूर्वलिखित स्वीकृति बिना कुनै पनि मूल्य वृद्धि गर्न पाइने छैन ।**
- आपूर्ति गरिने सम्पूर्ण सामग्री ताजा, स्वच्छ, गुणस्तरीय तथा नेपाल सरकारद्वारा तोकिएको खाद्य मापदण्डअनुसार हुनुपर्नेछ ।
- प्याकेजिङ गरिएका सामग्रीमा उत्पादन मिति, उपभोग्य अवधि (Expiry Date) तथा ब्याच नम्बर स्पष्ट उल्लेख भएको हुनुपर्नेछ र लागू हुने सामग्रीको म्याद समाप्त हुन पर्याप्त अवधि बाँकी हुनुपर्नेछ ।
- बासी, बिग्रिएको, दुर्गन्ध आउने, म्याद सकिएको वा गुणस्तरहीन सामग्री आपूर्ति गरिने छैन । **त्यस्ता सामग्री फेला परेमा खरिदकर्ताले अस्वीकार गर्न सक्नेछ र आपूर्तिकर्ताले आफ्नै लागतमा तुरुन्त प्रतिस्थापन गर्नुपर्नेछ। साथै, आपूर्तिकर्ताले अस्वीकृत सामग्रीको मूल्यको १०% जरिवाना तथा खरिदकर्तालाई भएको वास्तविक नोक्सानी समेत व्यहोर्नुपर्नेछ ।**
- आपूर्ति नियमित रूपमा र तोकिएको समयमा गर्नुपर्नेछ । आंशिक आपूर्ति स्वीकार गरिने छैन ।
- **पहिलो महिनाको रकम सम्झौता सुरक्षाको रूपमा धरौटी राखिनेछ ।**
- सम्झौता भङ्ग गर्न चाहेमा कुनै पनि पक्षले कम्तीमा १ महिनाको पूर्वलिखित सूचना अर्को पक्षलाई दिनुपर्नेछ ।
- सम्झौताको अवधि आर्थिक वर्ष २०८३/०८४ को अन्त्यसम्म कायम रहनेछ ।

**बोलपत्रदाताको घोषणा**

म/हामी यसद्वारा घोषणा गर्दछौं कि यस बोलपत्रमा उल्लेखित दरहरू सत्य, सही, पूर्ण तथा सबै आवश्यक लागत समावेश गरी पेश गरिएको हो । म/हामीले यस बोलपत्रमा उल्लेखित कार्यक्षेत्र, प्रावधानहरू तथा सम्झौताका सम्पूर्ण शर्तहरू ध्यानपूर्वक अध्ययन गरी बुझिसकेको र सोहीअनुसार दर प्रस्ताव गरेको पुष्टि गर्दछौं।

म/हामी **प्रस्तावित दर सम्झौता अवधिभर कायम राख्न, तोकिएको गुणस्तरअनुसार सामग्री आपूर्ति गर्न, निर्धारित समयमा आपूर्ति गर्न तथा सम्झौताका सबै शर्तहरू पूर्ण रूपमा पालना गर्न प्रतिबद्ध छौं**। यस बोलपत्रमा पेश गरिएका विवरण तथा कागजातहरू सत्य र प्रमाणित रहेको घोषणा गर्दछौं र खरिदकर्ताले तोकेको निरीक्षण, परीक्षण तथा आवश्यक कारबाही स्वीकार गर्नेछौं।

**नाम :** **पद :**

**अधिकृत हस्ताक्षर :** **कम्पनीको छाप :**

**मिति :**